लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौ

# प्रेस बिज्ञप्ति - १६८

# Press Release-168

मिति: २०७३।०४।१८ गते ।

## लागु औषध नियन्त्रण ब्यूरोमा संगठन प्रमुख श्रीमान् प्रहरी महानिरीक्षक उपेन्द्र कान्त अर्यालज्यूबाट निरीक्षण तथा निर्देशन सम्बोधन

उपरोक्त सम्बन्धमा आज मिति २०७३।०४।१८ गते १६:०० बजे संगठन प्रमुख श्रीमान् प्रहरी महानिरीक्षक उपेन्द्र कान्त अर्यालज्यू यस लागु औषध नियन्त्रण ब्यूरोमा पाल्नु भई ब्यूरोको निरीक्षण तथा निर्देशन सम्बोधन गर्नु भएको छ।

उक्त अवसरमा श्रीमान् प्र.म.नि.ज्यूबाट नेपालमा बढ्दो लागु औषध अपराध नियन्त्रणमा सिमित श्रोत साधनका बाबजुद पनि ब्यूरोले निभाएको भूमिकाको प्रशंसा गर्नु हुंदै लागु औषध नियन्त्रण ब्यूरोलाई आगामी दिनमा थप श्रोत साधन सम्पन्न बनाउने तथा यस ब्यूरोमा कार्यरत कर्मचारीहरुलाई बृद्दि बिकासका अवसरहरू प्रदान गरी कर्मचारीको मनोबल उच्च राख्ने प्रतिबद्दता ब्यक्त गर्नु भएको छ।

लागु औषध एक संगठित एवं मानवता बिरुद्दको संघीन अपराध भएकोले लागु औषध अपराधमा संलग्न जो कोहीलाई पनि कानूनी दायरामा ल्याउने कार्यमा कुनै कसर बाकी नराख्न ब्यूरोमा कार्यरत सि.प्र.अ., जु.प्र.अ., प्र.ह. तथा प्र.ज.हरुलाई निर्देशन दिनु भई लागु औषध नियन्त्रण ब्यूरोले लागु औषध अपराध नियन्त्रणको क्षेत्रमा आगामी दिनमा अझ बढी क्रियाशिल भई थप प्रभावकारीरुपमा कार्य सम्पादन गर्न निर्देशन दिनुभएको छ।

उक्त कार्यक्रममा मजकुर प्र.प्र.का.अ.अ.विभाग प्रमुख प्र.अ.म.नि. श्रीमान् बिज्ञान राज शर्मा समेत सरिक हुनु भएको थियो ।

•••

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८ , ईमेल : ncbnepal@gmail.com


लागू औषध नियन्त्रण ब्यूरो
काठमाण्डौ



